आज मिति २०७७ भाद्र ७ गते आईतवारका दिन यस टोखा नगरपालिकाका नगर-प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको एकसठ्ठीऔं कार्यपालिका बैठकमा देहाय बमोजिमको उपस्थिति रह्यो ।

| क्र. स | पद | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री ज्ञानमाया डंगोल | | |
| ३ | वडा अध्यक्ष | श्री श्रीकृष्ण अधिकारी | | |
| ४ | वडा अध्यक्ष | श्री दिपकराज जोशी | | |
| ५ | वडा अध्यक्ष | श्री सिंहराज श्रेष्ठ | | |
| ६ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ | | |
| ७ | वडा अध्यक्ष | श्री जगन्नाथ ढकाल | | |
| ८ | वडा अध्यक्ष | श्री महेश्वर के.सी. | | |
| ९ | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| १० | वडा अध्यक्ष | श्री केशव बहादुर खत्री | | |
| ११ | वडा अध्यक्ष | श्री जोग प्रसाद नेपाल | | |
| १२ | वडा अध्यक्ष | श्री मधुसुदन पाण्डे | | |
| १३ | वडा अध्यक्ष | श्री उत्तम अधिकारी | | |
| १४ | न.का.स | श्री पार्वती अधिकारी | | |
| १५ | न.का.स | श्री कल्पना घिमिरे | | |
| १६ | न.का.स | श्री जगतमाया महर्जन | | |
| १७ | न.का.स | श्री उर्मिला बि.क. | | |
| १८ | न.का.स | श्री शोभा तामाङ | | |
| १९ | न.का.स | श्री लिला भुजेल | | |
| २० | न.का.स | श्री बच्चुराज बस्याल | | |
| २१ | न.का.स | श्री सन्जिव सुनुवार | | |
| २२ | सदस्य सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री प्रदिप पौडेल | | |

विशेष आमन्त्रित:-

माननीय श्री दिपक निरौला – प्रदेश सभा सदस्य, बागमति प्रदेश

## निर्णयहरु

### निर्णय नं. १

टोखा नगरपालिका वडा नं. २ स्थित टोखा चण्डेश्वरी प्राथमिक स्वास्थ्य केन्द्रलाई प्रादेशिक अस्पतालको रुपमा स्तरोन्नतीको लागी आवस्यक प्रकृया अघि बढाउन बाग्मती प्रदेश सरकारलाई सिफारिस गर्ने ।

### निर्णय नं. २

मिति २०७७/०५/०४ को पत्रानुसार नगर क्षेत्रभित्र खाद्यान्न, तरकारी तथा फलफूल, दुग्धजन्य एवं मासुजन्य पदार्थ खोल्ने समय बिहान ५ बजे देखी ८ बजे सम्म तोकिएकोमा सो समय छोटो भई पसलहरुमा सेवाग्राहीहरुको खचाखच भिंड भएको देखिएकोले उक्त पसलहरु खोल्ने समय थप गरी बिहान ५ देखी ~~१०~~ बजे सम्म पसल खोल्न पाउने व्यवस्था गरी सम्बन्धित प्रहरी कार्यालयलाई कार्यान्वयनको लागी अनुरोध गर्ने ।

### निर्णय नं. ३

नगरपालिका अन्तरगतका वडाध्यक्षहरुले बुझि लिएका सवारी साधन ( मोटरसाईकल /स्कुटर ) हरु वडा कार्यालयको नाममा हस्तान्तरण गर्ने ।

### निर्णय नं. ४

नगरपालिकालाई आवस्यक पर्ने स्वास्थ्य संग सम्वन्धित उपकरणहरु खरिद गर्नको लागी प्रदेश सरकारलाई अनुरोध गर्ने ।

### निर्णय नं. ५

टोखा न.पा. वडा नं. २ स्थित ७ ख कित्ता नं. ३९ मा रहेको सार्वजनिक जग्गामा Isolation Centre स्थापनाको लागी श्रोत, साधन, आवस्यकता र औचित्यताको आधारमा अध्ययन गरी प्रतिबेदन पेश गर्न नगर उपप्रमुखको संयोजकत्वमा रहेको समितिलाई जिम्मेवारी प्रदान गर्ने ।

### निर्णय नं. ६

६० औं कार्यपालिका बैठकले प्रत्येक वडा कार्यालय बाट खटिएका बढीमा १५ जना स्वयं सेवकहरुलाई सम्वन्धित वडा कार्यालयको सिफारिसको आधारमा राष्ट्रिय बिमा कम्पनी मार्फत कोरोना बिमा प्रकृया अघि बढाउने निर्णय भएकोमा ५ जना स्वयं सेवकहरु थप गरी २० जना सम्म स्वयंसेवकहरुको कोरोना बिमा गर्ने ।

### निर्णय नं. ७

Isolation centre मा रहेका कोरोना संक्रमितहरुको लागी खाना तथा खाजा खर्च रकम नगर उपप्रमुखको संयोजकत्वमा रहेको समितिले निर्णय गरी सिफारिस गरे बमोजिम हुने ।

निर्णय नं. ८

स्वास्थ्य शाखा वाट पेश भए अनुसार कोभिड १९ सँग सम्बन्धित कार्यमा खटिने स्वास्थ्यकर्मी एवं अन्य कर्मचारीहरुको लागी तपशिल बमोजिम जोखिम भत्ता उपलव्ध गराउने ।

तपशिल

| विवरण | भत्ता दर | कैफियत |
|---|---|---|
| **मेडिकल अधिकृतले प्रमाणित गरेको आधारमा** | | खाईपाई आएको सुरु तलब स्केलको आधारमा, दैनिक हाजिरीको आधारमा भत्ता हिसाव गरिने |
| कोभिड १९ नियन्त्रणमा अग्रभागमा प्रत्यक्ष खटिने मेडिकल अधिकृत सहितको टिम (स्वाब संकलनमा खटिने प्रयोगशालाकर्मीहरु समेत) | १५० प्रतिशत | |
| कोभिड १९ नियन्त्रणमा प्रत्यक्ष खटिने एम्बुलेन्स चालक, सुरक्षाकर्मी, कार्यालय सहयोगी, स्विपर | १०० प्रतिशत | |
| **स्वास्थ्य शाखाको सिफारिसको आधारमा** | | |
| कोभिड १९ नियन्त्रणमा अप्रत्यक्ष खटिने अन्य सवारी चालक, स्वास्थ्य शाखामा कार्यरत कर्मचारी | ४० प्रतिशत | |
| नियमित सेवा प्रवाह गर्ने अन्य स्वास्थ्यकर्मीहरु | २५ प्रतिशत | |

उक्त भत्ता Isolation Centre संचालन भएको मिति वाट हिसाव गरिनेछ ।

Contact tressing र स्वाब संकलन कार्यमा खटिएका स्वास्थ्यकर्मीहरुलाई असार देखी नै साविकमा खाइपाई आएको भत्ता उपलव्ध गराईनेछ ।

एउटै कर्मचारीको दोहोरो भत्ता पर्न गएमा एउटा भत्ता मात्र लिनुपर्नेछ ।

२०७७।५।६